# अमरगढी नगरपालिका

# स्थानीय नायिक समिति

# डडेल्धुरा

## पृष्ठभुमि

नेपालको संबिधान २०७२ को धारा २१७ बमोजीम नगरपालिका का उपप्रमुखको संयोजकत्वमा तिन सदस्यीय एक न्यायिक समिति को व्यवस्था भए बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ बमोजिम यस अमरगढी अमरगढी नगरपालिकामा स्थानिय न्यायिक समिति गठन भएको व्यहोरा अवगतार्थ अनुरोध गर्दछु ।

## उदेश्य

- सरलीकृत सेवा दिनु
- छिटोछरितो सेवा प्रदान गर्नु
- दिगो स्थायी समिति भएकाले जित जित को भावना कायम गरि दिगो शान्ति दिनु
- गरिब निमुखा जनताहरुलाई समयानुसार न्यायोचित सेवा दिनु / आदि इत्यादी /

## कार्य विवरण (हालसम्म गरेका कार्यक्रम हरुको विवरण)

- अमरगढी नगरपालिकाको स्थानीय न्यायिक समितिको क्षेत्राधिकार सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम नगरपालिकामा प्रत्येक वार्ड हरुमा प्रचार प्रसार गरिएको ।
- वार्ड मेलमिलाप केन्द्र गठन ११ वटै वार्डमा गरिएको ।
- वार्ड मेलमिलाप केन्द्र का संयोजक एबंम सदस्यहरु लाई ४८ घन्टे आधारभूत मेलमिलाप तालिममा समाबेश गराइएको ।
- अमरगढी नगरपालिकाको स्थानीय न्यायिक समितिको चेम्बर एबम सचिवालय स्थापना एबम कार्यकक्ष बनाइएको ।

## स्थानीय न्यायिक समिति समक्ष प्राप्त उजुरीहरु

- तारा दत्त पन्त र कर्ण बहादुर भण्डारी बीच घर क्षेतिपूर्ति विवाद सम्बन्धमा मेलमिलापको प्रक्रिया प्रारम्भ भई ।

- सहमतिको अन्तिम चरणमा पुगेको ।
- टिका बहादुर क्षेत्री र लक्ष्मी देवी जोशी बीच जग्गा खिचलो विवाद सम्बन्धमा प्राबिधिक खटाई चार किल्ला हाली मेलमिलाप प्रक्रिया अपनाई
  सहमतिको अन्तिम चरणमा रहेको ।
- इश्वरी शाह र बिर बहादुर शाह बीच बाटो विवाद सम्बन्धमा परेको उजुरीमा मेल मिलापको प्रक्रिया अपनाई मेलमिलाप को लागि संयुक्त दरखास्त समेत प्राप्त भै सकेको ।
- नबराज ओझा र कमल सिंह भुल शार्की बीच जग्गा विवाद सम्बन्धमा परेको उजुरीमा मेलमिलापको प्रक्रिया अपनाई दुवै पक्ष सहमति भईमेलमिलाप गराइएको ।
- शिव बोहरा र कलापति देबी बोहरा बीच सम्बन्ध बिच्छेद को विवाद सम्बन्धमा मेलमिलाप प्रक्रिया अपनाउन खोज्दा , सम्बन्ध गास्न खोज्दा खोज्दै पनि उक्त प्रक्रिया सफल हुन नसकी न्याय का लागि जिल्ला अदालत डडेल्धुरामा लेखि पठाइएको ।
- भक्त बहादुर बि.के. र लक्ष्मी ताम्राकार बीच सम्बन्ध विच्छेदको विवाद सम्बन्धि उजुरीमा मेलमिलाप प्रक्रिया अपनाउन खोज्दा सम्बन्ध गास्न खोज्दा खोज्दै पनि उक्त प्रक्रिया सफल हुन नसकी न्याय का लागि जिल्ला अदालत डडेल्धुरामा लेखि पठाइएको ।
- लाल बहादुर भण्डारी र तप्त बहादुर भण्डारी बीच सहमति कायम तथा अंश विवाद सम्बन्धि उजुरी मा दुई पटक मेलमिलाप प्रक्रिया अपनाइएको र सहमति नभई अर्को पटक घरदैलोमा नै मेलमिलाप प्रक्रियामा बस्ने भन्ने सहमति भए अनुसार अ.न.प. वा.न. ७ वार्ड कार्यालय ,वार्ड मेलमिलाप केन्द्र मा मेलमिलापका लागि लेखि पठाइएको।
- दुर्लभ सिंह खड्का र गोबिन्द राज भट्ट बीच शहस्रलिंग खा.पा.स्किम न.८ र ९ को ख.प. मुहान विवाद सम्बन्धमा परेको उजुरीमा दुइ पटक मेलमिलाप प्रक्रिया तथा छलफल गराइएकोको र प्राबिधिक प्रतिबेदन का आधारमा र खा.पा.मुहानको चेक जाच गरि न्यायोचित तरिकाले पानि वितरण गर्ने भन्ने सहमति भए अनुसार प्राबिधिक प्रतिबेदन पश्चात उक्त विवाद मेलमिलाप प्रक्रियामा रहेको ।
- जितेन्द्र दमाई र लोक राज भट्ट बीच जग्गा अतिक्रम सम्बन्धि परेको उजुरीमा दुवै पक्ष लाई छलफलका लागि बोलाइएकोर प्राबिधिक खटाई पठाउने गरि मेलमिलापको प्रक्रियामा रहेको ।

- धर्म सिंह निदाल र छबिलाल महर बीच किमेड खा.पा. मुहान सम्बन्धि परेको उजुरीमा आबश्यक छलफल एबं मेलमिलाप का लागि अ.न.पा. वा.न.९ वार्ड कार्यालय र वार्ड मेलमिलाप केन्द्रमा लेखि पठाइएको ।

## आगामी आ.ब.२०७५/०७६ को कार्य योजना

- वार्ड मेलमिलाप केन्द्र लाई शशक्तिकरण गराइने।
- मेलमिलाप केन्द्र का संयोजक, एबं सदस्यहरु र अन्य सम्बन्ध पक्ष हरु लाई पुनरताजकिय मेलमिलाप सम्बन्धि प्रशिक्षण गराइने ।
- न्यायिक समिति तथा मेलमिलाप केन्द्रका संयोजक ज्यु हरुलाई विभिन्न स्थानमा अवलोकन गराइने ।
- न्यायिक समिति प्रशासनिक कार्यको लागि तालिम (प्रशिक्षण) गराइने ।